# अर्थ बुलेटिन

वर्ष ४ अंक ८

फागुन, २०७९

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०७९/८० को फागुनसम्म संघीय सरकारी खर्च १३.० प्रतिशतले वृद्धि भएको छ। भन्सार विन्दुमा सङ्कलन हुने राजस्व असुली कम हुँदा कुल राजस्व परिचालन १६.१ प्रतिशतले कमी आएको छ।
- पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र आपूर्ति श्रृङ्खलामा सिर्जना भएको अवरोधका कारण मूल्यमा रहेको चाप कायम रहेको छ।
- वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ।
- कुल वस्तु निर्यात र आयातमा कमी आएको छ। आयातमा कमी आएको कारण व्यापार घाटामा सुधार भएको छ।
- वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या बढेको छ साथै, विप्रेषण आप्रवाहमा समेत वृद्धि भएको छ। चालु खाता घाटामा सुधार भएको छ भने र शोधनान्तर स्थिति बचतमा छ। विदेशी मुद्रा सञ्चितिमा वृद्धि भएको छ। समग्रमा अर्थतन्त्रका बाह्य क्षेत्रका परिसूचकहरुमा सुधार हुँदै गएको छ भने राजस्व परिचालनमा दबाब सिर्जना भएको छ।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ६ खर्ब ७५ अर्ब ३० करोडको तुलनामा १५.४ प्रतिशतले वृद्धि भई रु. ७ खर्ब ७९ अर्ब २३ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च ७८.१ प्रतिशत, पूँजीगत खर्च १०.८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ११.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ७९.७ प्रतिशत, ११.४ प्रतिशत र ८.८ प्रतिशत रहेको थियो। यस अवधिको चालु, पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्चमा क्रमशः १३.१ प्रतिशत, ९.२ प्रतिशत र ४४.२ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको फागुन महिनासम्मको खर्चको स्थिति** (रु. करोडमा)

| विवरण/आ.व. | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| चालु | ४०८३९.१५ | ४५०८२.२९ | ४५५८१.६ | ५३८४३.५७ | ६०८८४.४५ |
| पूँजीगत | ९०३१.०२ | ९६८४.८७ | ७९६९.६७ | ७७१४.६८ | ८४२५.६ |
| वित्तीय व्यवस्था | ४२१९.४९ | ६३५२.५६ | ३५५०.८३ | ५९७१.४५ | ८६१२.९६ |
| **कुल खर्च** | **५४०८९.६६** | **६११११९.७२** | **५७१०२.१** | **६७५२९.७** | **७७९२३.०१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको पहिलो आठ महिनाको कुल संघीय सरकारी खर्चमध्ये असोज र पुष महिनामा १८ प्रतिशत माथि खर्च भएको छ भने साउन महिनामा सबैभन्दा कम २.९ प्रतिशत खर्च भएको छ ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण** (रू. करोडमा)

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ५६५.७२ | १४८.४६ | १५११.६९ | २२२५.८८ | ०.०२९ |
| भदौ | १०३०७.४१ | ४३७.५९ | ४६३.०६ | ११२०८.०५ | ०.१४४ |
| असोज | ११५०२.१४ | १३८२.०६ | १४९८.५० | १४३८३.०६ | ०.१८५ |
| कात्तिक | ५७६३.३४ | ६६१.५० | ८५७.२६ | ७२८१.७४ | ०.०९३ |
| मङ्सिर | ७२८७.०८ | ७६९.५५ | ३६५.७५ | ८४२२.९६ | ०.१०८ |
| पुष | १००८७.०१ | १९४६.३६ | २०८०.२८ | १४११३.०७ | ०.१८१ |
| माघ | ७६३७.४० | १२८४.३२ | २०९.२६ | ९१३०.९८ | ०.११७ |
| फागुन | ७७३४.३५ | १७९५.७६ | १६२७.१६ | १११५७.२७ | ०.१४३ |
| **जम्मा** | **६०८८४.४५** | **८४२५.६** | **८६१२.९६** | **७७९२३.०१** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ६ खर्ब ८४ अर्ब ७० करोडको तुलनामा १४.९ प्रतिशतले न्यून भई रु. ५ खर्ब

८२ अर्ब ७७ करोड रहेको छ। कुल राजस्वमा कर राजस्व ९०.३ प्रतिशत र गैर कर राजस्व ९.७ प्रतिशत रहेको छ। साथै, यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ६ खर्ब १७ अर्ब ९८ करोड सङ्कलन भएको छ। गत आर्थिक वर्षको यहि अवधिमा कुल प्राप्ति रु. ७ खर्ब २२ अर्ब ७५ करोड संकलन भएको थियो।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो आठ महिनाको राजस्व परिचालनको स्थिति** (रु. करोडमा)

| विवरण/आ.व. | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कर | ४५६९९.८२ | ४९७५४.४४ | ५२७६६.९२ | ६२८४०.४७ | ५२६४७.२६ |
| गैरकर | ५१५९.५९ | ४९२९.७२ | ४३५३.४२ | ५६२९.४८ | ५६२९.८६ |
| **कुल राजस्व** | **५०८५९.४१** | **५४६८४.१६** | **५७१२०.३४** | **६८४६९.९४** | **५८२७७.१२** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको फागुनसम्मको राजस्व असुलीको विवरण** (रू. करोडमा)


| कर शीर्षक | आ.व.२०७८/७९ को फागुनसम्मको असुली | आ.व.२०७९/८० वार्षिक लक्ष्य | आ.व. २०७९/८० को फागुनसम्मको लक्ष्य र असूली | | वार्षिक लक्ष्यको तुलनामा असूली प्रतिशतमा | फागुन महिनासम्मको लक्ष्यको तुलनामा असूली प्रतिशतमा | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | असूली | | | |
| **भन्सार महशुल** | **१६,६८६.०५** | **३३,०५६.८०** | **२१,७८६.७५** | **११,४६८.१५** | **३४.७** | **५२.६** | **-३१.३** |
| **मूल्य अभिबृद्धि कर** | २०,३५४.४० | **३९,८४६.७९** | **२४,६५६.१८** | **१७,६३१.७७** | **४४.२** | **७१.५** | **-१३.४** |
| उत्पादन, बिक्री, सेवा | ७,०६२.७५ | १४,०२०.४१ | ८,२५४.३८ | ६,८८०.५१ | ४९.१ | ८३.४ | -२.६ |
| पैठारी | १३,२९१.६५ | २५,८२६.३८ | १६,४०१.८० | १०,७५१.२६ | ४१.६ | ६५.५ | -१९.१ |
| **अन्तःशुल्क** | १०,७७४.७९ | **२१,७२८.२७** | **१३,२७३.८३** | **९,०३२.२३** | **४१.६** | **६८.०** | **-१६.२** |
| आन्तरिक उत्पादन | ६,६४५.९३ | १३,७३५.२६ | ८,१६७.४७ | ६,९६२.७७ | ५०.७ | ८५.३ | ४.८ |
| पैठारी | ४,१२८.८६ | ७,९९३.०१ | ५,१०६.३६ | २,०६९.४६ | २५.९ | ४०.५ | -४९.९ |
| **शिक्षा सेवा शुल्क** | ४७.३९ | **१४७.८०** | **१००.४२** | **१०६.४१** | **७२.०** | **१०६.०** | **१२४.५** |
| **आयकर** | १४,९७७.८४ | **३४,७५७.९२** | **१८,८६९.१९** | **१४,४०८.७०** | **४१.५** | **७६.४** | **-३.८** |
| आयकर | १३,२८४.७७ | ३०,७८२.९३ | १६,०३९.९३ | १२,०२२.५३ | ३९.१ | ७५.० | -९.५ |
| ब्याज कर | १,६९३.०७ | ३,९७४.९९ | २,८२९.२६ | २,३८६.१७ | ६०.० | ८४.३ | ४०.९ |
| **कर राजस्व जम्मा** | ६२,८४०.४७ | **१२९,५३७.५८** | **७८,६८६.३८** | **५२,६४७.२६** | **४०.६** | **६६.९** | **-१६.२** |
| **गैर कर जम्मा** | ५,६२९.४८ | **१०,७७७.१२** | **६,४२६.८२** | **५,६२९.८६** | **५२.२** | **८७.६** | **०.०** |
| **कूल राजस्व** | ६८,४६९.९४ | **१४०,३१४.७०** | **८५,११३.२०** | **५८,२७७.१२** | **४१.५** | **६८.५** | **-१४.९** |
| **अन्य प्राप्ति** | ३,८०४.६१ | **-** | **-** | **३,५२०.७९** | - | - | **-७.५** |
| **जम्मा राजस्व/प्राप्ति** | ७२,२७४.५६ | **१४०,३१४.७०** | **८५,११३.२०** | **६१,७९७.९१** | ४४.० | ७२.६ | **-१४.५** |


स्रोतः अर्थ मन्त्रालय।

४. चालु आर्थिक वर्षको फागुनसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा शिक्षा सेवा शुल्कमा उल्लेख्य वृद्धि भएको छ। साथै, आयकर तर्फको ब्याजकर, आन्तरिक तर्फको अन्तःशुल्क र गैरकर राजस्व सङ्कलनमा वृद्धि भएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर सङ्कलनमा कमी आएको छ।

५. चालु आर्थिक वर्षको फागुनसम्मको कुल राजस्व लक्ष्यको ६८.५ प्रतिशत सङ्कलन भएको छ भने कुल राजस्व वार्षिक लक्ष्यको ४१.५ प्रतिशत प्राप्त भएको छ।

**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको फागुन महिनासम्मको सङ्कलित राजस्वको संरचना**





स्रोतः अर्थ मन्त्रालय।

६. चालु आर्थिक वर्षको पहिलो आठ महिनाको कुल राजस्वमा गत वर्षको सोही अवधिको तुलनामा भन्सार महशुलको हिस्सा उल्लेख्य घटेको छ भने अन्तःशुल्कको हिस्सा सिमान्त घटेको छ। यस अवधिको कुल सङ्कलित राजस्वमा अन्य शीर्षकका राजस्वको हिस्सा बढेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको पहिलो आठ महिनाको राजस्व सङ्कलनको प्रवृत्ति** (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

७. आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को पहिलो आठ महिनामा राजस्व वृद्धिदर केही न्यून रहेको थियो। कोभिड -१९ को सङ्क्रमणको प्रभाव कम भएसँगै आर्थिक वर्ष २०७८/७९ को पहिलो आठ महिनामा राजस्व वृद्धिदर उल्लेख्य रहेकोमा चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म आयात नियमनका लागि चालिएका कदमबाट भन्सार विन्दुमा सङ्कलन हुने राजस्वमा कमी आउँदा समग्र राजस्व सङ्कलनमा समेत कमी आएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो आठ महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ६ खर्ब ३ अर्ब ७० करोडको तुलनामा १५.७ प्रतिशतले कमी आई रू. ५ खर्ब ८ अर्ब ९९ करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ८१ अर्बको तुलनामा ८.९ प्रतिशतले कमी आई रू. ७३ अर्ब ७८ करोड रहेको छ।

## करको दायरा विस्तार

९. २०७९ फागुनसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५३ लाख ४१ हजार १ सय ७८ रहेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता करदाता ३४ लाख ५२ हजार ४ सय १६ (६४.६ प्रतिशत), व्यवसायिक स्थायी लेखा नम्बर लिने १८ लाख ६३ हजार ८ सय ८ (३४.९ प्रतिशत) र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर २४ हजार ९ सय ५४ (०.५ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ७ हजार ७ सय १० र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २० हजार २ सय ९२ पुगेको छ। गत आर्थिक वर्षको पहिलो ८ महिनामा व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता सङ्ख्या भन्दा चालु आ. ब. को पहिलो ८ महिनामा यस्तो सङ्ख्यामा ४६.६ प्रतिशतले कमि आएको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७९ असारसम्म | आ.व. २०७८/७९ को फागुनसम्ममा थप | आ.व. २०७९/८० को फागुनसम्ममा थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | १७६२४१३ | १८९९७० | १०१३९५ | १८६३८०८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ३०५०३०४ | ३८०९०८ | ४०२११२ | ३४५२४१६ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | १८०९४ | ३०९४ | ६८६० | २४९५४ |
| **जम्मा स्थायी लेखा नम्बर #** | **४८३०८११** | **५७३९७२** | **५१०३६७** | **५३४११७८** |
| मू.अ.कर | २९१६३१ | २६५६३ | १६०७९ | ३०७७१० |
| अन्तः शुल्क | ११२२३१ | १५००६ | ८०६१ | १२०२९२ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०७९/८० को पहिलो आठ महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ८.८ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३७ अर्ब १२ करोड पुगेको छ। यसमध्ये अनुदान सहायता रु. २३ अर्ब १२ करोड (१६.९ प्रतिशत) र ऋण सहायता रु. १ खर्ब १४ अर्ब (८३.१ प्रतिशत) रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु. १ खर्ब २६ अर्ब ७ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये विश्व बैंक, एशियाली विकास बैंक र जापान सरकारबाट क्रमशः ४७.८ प्रतिशत, २८.० प्रतिशत र १२.१ प्रतिशत प्राप्त भएको छ।

१२. वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी सडक क्षेत्रमा २५.५ प्रतिशत र सबैभन्दा कम रोजगारी सिर्जना क्षेत्रमा ०.७ प्रतिशत प्राप्त भएको छ।

**तालिका (च): आर्थिक वर्ष २०७९/८० को पहिलो आठ महिनाको वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था** (रू. करोडमा)

| क्षेत्र | अनुदान | ऋण | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|
| सडक | ०.०० | ३४९६.०० | ३४९६.०० | २५.५ |
| शिक्षा | ६४५.१० | २६५१.०० | ३२९६.१० | २४.० |
| सूचना प्रविधि | १००.०० | १७७९.०० | १८७९.०० | १३.७ |
| ऊर्जा | ०.०० | १४२०.०० | १४२०.०० | १०.४ |
| वातावरण | ०.०० | १२७५.०० | १२७५.०० | ९.३ |
| कृषि | २४७.०० | ७७९.०० | १०२६.०० | ७.५ |
| शान्ति सुरक्षा | ५२६.०० | ०.०० | ५२६.०० | ३.८ |
| महिला सशक्तिकरण | ३५७.०० | ०.०० | ३५७.०० | २.६ |
| सिँचाई | २००.०० | ०.०० | २००.०० | १.५ |
| खानेपानी तथा सरसफाई | १३७.०० | ०.०० | १३७.०० | १.० |
| रोजगारी सिर्जना | १००.०० | ०.०० | १००.०० | ०.७ |
| **जम्मा** | **२३१२.१०** | **११४००.००** | **१३७१२.१०** | **१००.०** |

स्रोतः अर्थ मन्त्रालय

१३. चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारले आन्तरिक र बाह्य ऋण गरी कुल रु. ८० अर्ब ४९ करोड सावाँ भुक्तानी र रु.४१ अर्ब ३१ करोड ब्याज भुक्तानी गरेको छ। यस अवधिमा संघीय सरकारले रु. ६२ अर्ब २५ करोड बाह्य ऋण र रु. ८५ अर्ब बराबरको आन्तरिक ऋण गरि कुल रु. १४७ अर्ब २५ करोड बराबरको ऋण प्राप्त गरेको छ। २०७९ फागुन मसान्तसम्म आन्तरिक ऋण रु १० खर्ब १० अर्ब २८ करोड र वाह्य ऋण रु. १० खर्ब ६९ अर्ब ७८ करोड गरि कुल तिर्न वाँकी सार्वजनिक ऋण रु. २० खर्ब ८० अर्ब ६ करोड पुगेको छ। २०७९ को असार मसान्तमा तिर्न वाँकी कुल सार्वजनिक ऋण रु. २० खर्ब १३ अर्ब ३० करोड रहेको थियो।

## वित्तीय क्षेत्र

१४. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म वार्षिक विन्दुगत आधारमा निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा क्रमशः ५.५ प्रतिशत र २.८ प्रतिशतले वृद्धि भएको छ।

१५. २०७९ फागुनसम्म बझाङको साइपाल गाउँपालिका बाहेक अन्य ७५२ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७८ को सोही अवधिमा ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१६. २०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १२६ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७९ फागुन मसान्तमा १२० कायम भएको छ। साथै, २०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,५२८ रहेकोमा २०७९ फागुन मसान्तमा यस्तो सङ्ख्या ११,६२९ पुगेको छ।

## बीमा क्षेत्र

१७. २०७९ फागुन महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २५.२ प्रतिशतले वृद्धि भई १ करोड ४० लाख १ हजार ५ सय ७७ पुगेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८८.२ प्रतिशत र ११.८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ८५.२ प्रतिशत र १४.८ प्रतिशत रहेको थियो।

१८. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.८ प्रतिशतले वृद्धि भई रू. १ खर्ब १९ अर्ब ६० करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. १ खर्ब १७ अर्ब ४९ करोड रहेको थियो।


१९. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७८.४ प्रतिशत र २१.६ प्रतिशत रहेको छ। गत वर्षको फागुन महिनासम्म उक्त हिस्सा क्रमशः ७८.८ प्रतिशत र २१.५ प्रतिशत रहेको थियो।

२०. चालु आर्थिक वर्षको फागुन महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४४.१ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ३५.५ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२१. २०७८ फागुन मसान्तमा २६६८.१२ विन्दुमा रहेको नेप्से सूचकांक २०७९ फागुन मसान्तमा १९५३.०६ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरणमा २५.४ प्रतिशतले कमी आई रु. २८ खर्ब २३ अर्ब ६८ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. ३७ खर्ब ८२ अर्ब ७९ करोड रहेको थियो।


**चार्ट (ग): पछिल्लो ५ आर्थिक वर्षको फागुन मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२२. २०७९ फागुन महिनाको २ गते २१०५.४७ विन्दुमा रहेको नेप्से सूचकाङ्क क्रमशः ओरालो लाग्दै महिनाको अन्तिम कारोवार भएको दिन फागुन ३० गते १९५३.०६ विन्दु कायम भएको छ।

**चार्ट (घ): २०७९ फागुन महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२३. २०७९ फागुन मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.४४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ७.१४ प्रतिशत रहेको थियो।

२४. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.६४ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.८७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ७.५१ प्रतिशत र ६.८४ प्रतिशत रहेको थियो।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२५. आर्थिक वर्ष २०७९/८० को पहिलो आठ महिनासम्म कुल वस्तु निर्यातमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २९.१ प्रतिशतले कमी आई रु. १ खर्ब ४ अर्ब ८० करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. १ खर्ब ४७ अर्ब ७४ करोड रहेको थियो। यस अवधिमा फलामे पाता, अलैची, ऊनी गलैंचा, फलफूलको जुस लगायतका वस्तुको निर्यात वृद्धि भएको छ भने भटमासको प्रशोधित तेल, प्रशोधित पाम तेल, जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न लगायतका वस्तुको निर्यात भने घटेको छ।

२६. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ७०.८ प्रतिशत, ०.५ प्रतिशत र २८.७ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ८०.४ प्रतिशत, ०.४ प्रतिशत र १९.२ प्रतिशत रहेको थियो।

२७. यस अवधिमा भारत र चीन तर्फ भएको निर्यातमा क्रमशः ३७.५ प्रतिशत र ४.९ प्रतिशतले कमी आएको छ।

**तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको फागुन महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति** (मूल्य रु. करोडमा)

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| प्रशोधित पाम तेल | ३५३३.८१ | १५१८.१९ | -५७.० |
| भटमासको तेल प्रशोधित | ४१४०.१८ | ८३७.२३ | - |
| सेन्थेटिक यार्न | ८३०.३१ | ७७१.५२ | -७.१ |
| उनी गलैंचा कार्पेट | ५९१.६७ | ७३८.२८ | २४.८ |
| अलैची | ३२५.५८ | ५८६.४७ | ८०.१ |
| तयारी कपडा | ४७२.३३ | ५१२.०४ | ८.४ |
| फलामे पाता | ७६.८३ | ४०६.७८ | ४२९.५ |
| फलफुलको जुस | ३३९.६ | ३८२.१ | १२.५ |
| जुटका बुनिएका कपडा | ४३९.६१ | ३४२.२ | -२२.२ |
| जमोठ कपडा | ३२२.८७ | ३२४.६९ | ०.६ |
| अन्य | ३७०१.७५ | ४०६०.०५ | ९.७ |
| **कुल** | **१४,७७४.५४** | **१०,४७९.५५** | **-२९.१** |

स्रोतः भन्सार विभाग ।

### वस्तु आयात

२८. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.१ प्रतिशतले कमी आई रु. १० खर्ब ५८ अर्ब ४८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. १३ खर्ब ८ अर्ब ७४ करोड रहेको थियो।

२९. चालु आर्थिक वर्षको फागुन महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा युरिया, शुद्ध फलाम, डिजेल, पेट्रोल र सुन लगायतका वस्तुको आयात बढेको छ भने मोवाइल टेलिफोन, भटमासको कच्चा तेल, कच्चा पाम तेल, पोलीथिन दाना, एल पी ग्याँस लगायतका वस्तुको आयात घटेको छ।

३०. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६२.१ प्रतिशत, १३.८ प्रतिशत र २४.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६०.९ प्रतिशत, १४.२ प्रतिशत र २४.९ प्रतिशत रहेको थियो।

३१. यस अवधिमा भारत र चीन तर्फको आयातमा क्रमशः १७.६ प्रतिशत र २१.७ प्रतिशतले कमी आएको छ।

**तालिका (ज): पछिल्लो दुई आर्थिक वर्षको फागुन महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति** (मूल्य रु. करोडमा)


| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ८७८३.५५ | ९८९५.८३ | १२.६६ |
| पेट्रोल | ३९८५.६९ | ४४१५.९९ | १०.८० |
| एल पि ग्यास | ४०६४.२३ | ३८७२.७० | -४.७१ |
| सुन | ३२६८.४१ | ३५८६.१५ | ९.७२ |
| भटमासको तेल कच्चा | ४३७४.६७ | २७६७.६४ | -३६.७३ |
| शुद्ध फलाम | १५२६.४८ | २६७०.७६ | ७४.९६ |
| कच्चा पाम तेल | ३०८२.०९ | २०११.३२ | -३४.७४ |
| मोवाइल टेलिफोन | ३०९९.०० | १८३४.०५ | -४०.८२ |
| युरिया | ७४३.७७ | १७४५.७८ | १३४.७२ |
| पोलीथिन दाना | २०३८.९५ | १६८०.५४ | -१७.५८ |
| अन्य | ९५९०७.२४ | ७१३५७.६६ | -२५.६० |
| **कुल** | **१३०८७४.०८** | **१०५८३८.४२** | **-१९.१३** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३२. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.९ प्रतिशतले सुधार भई रु. ९ खर्ब ५३ अर्ब ५९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रु. ९ खर्ब ५३ अर्ब ५९ करोड थियो।


**चार्ट (ङ): पछिल्लो ५ आर्थिक वर्षको फागुन महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति** (रु. अर्बमा)




स्रोतः भन्सार विभाग

३३. विगत पाँच आर्थिक वर्षको फागुन महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ र २०७९/८० मा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। चालु आर्थिक वर्षको पहिलो आठ महिनासम्म कुल वस्तु निर्यातमा भएको संकुचनको दर कुल वस्तु आयातमा भएको संकुचन भन्दा बढी भए तापनि व्यापारमा निर्यात व्यापारको हिस्सा कम र आयातको हिस्सा उच्च भएकोले आयातमा गिरावट आउँदा व्यापार घाटामा सुधार भएको हो।

**चार्ट (च): पछिल्लो ५ वर्षको फागुन महिनासम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश** (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

३४. चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ९.० प्रतिशत र ९१.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः १०.१ प्रतिशत र ८९.९ प्रतिशत रहेको थियो।

### सेवा व्यापार

३५. आर्थिक वर्ष २०७९/८० को पहिलो आठ महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रु. ७२ अर्ब ५३ करोडको तुलनामा ५६.२ प्रतिशतले वृद्धि भई रु. ११३ अर्ब ३१ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको संशोधित सेवा खर्च रू. १ खर्ब ३८ अर्ब ७८ करोडमा १७.० प्रतिशतले वृद्धि भई रू. १ खर्ब ६२ अर्ब ३९ करोड पुगेको छ।

३६. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म खुद सेवा आय रू. ४९ अर्ब ८ करोडले ऋणात्मक रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ६६ अर्ब २५ करोडले घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३७. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ६ खर्ब ३३ अर्ब ९३ करोडको तुलनामा २५.३ प्रतिशतले वृद्धि भई रु. ७ खर्ब ९४ अर्ब ३२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह १.३ प्रतिशतले कमी भएको थियो।

३८. चालु आर्थिक वर्षको फागुन महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५४.३ प्रतिशतले वृद्धि भई ३ लाख ५१ हजार ७ सय ६१ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या २ लाख हजार ९ सय रहेको थियो।

### चालु खाता एवम् शोधनान्तर स्थिति

३९. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्ममा चालु खाता रु. ४४ अर्ब ३१ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. ४ खर्ब ६० अर्ब ७२ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा शोधनान्तर स्थिति रु. १ खर्ब ४८ अर्ब ११ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. २ खर्ब ५८ अर्ब ६४ करोडले घाटामा रहेको थियो।

### विदेशी विनिमय सञ्चिति

४०. २०७९को फागुनसम्म विदेशी विनिमय सञ्चितिमा २०७९ असार मसान्तको तुलनामा १५.२ प्रतिशतले वृद्धि भई रू. १४ खर्ब १ अर्ब २१ करोड पुगेको छ। आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले १०.९ महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर


४१. २०७९ असार मसान्तको तुलनामा २०७९ फागुन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.७४ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३१.१० पुगेको छ। २०७९ असार मसान्तमा उक्त विनिमय दर रु. १२७.५१ रहेको थियो ।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४२. आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्म थप दर्ता भएका कम्पनीको संख्या २१८९९ रहेकोमा चालु आर्थिक वर्षको फागुन मसान्तमा यस्तो सङ्ख्या १५२५२ रहेको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो आठ महिनाको कम्पनी दर्ताको प्रवृत्ति** (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

## पर्यटक आगमन

४३. सन् २०२३ को मार्चसम्म नेपाल आउने पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भई २ लाख २७ हजार ७ सय ५५ पुगेको छ। गत वर्ष यस्तो सङ्ख्या ७८ हजार ७ सय ४७ रहेको थियो।

४४. चालु आर्थिक वर्षको फागुन महिनासम्ममा प्राप्त भ्रमण आयमा उल्लेख्य वृद्धि भई रू. ३७ अर्ब १२ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो आय १८ अर्ब ७० करोड प्राप्त भएको थियो।